# **बर पिपल र चौतारो संरक्षण तथा व्यवस्थापन गर्न बनेको बिधेयक, २०७५**

**प्रस्तावना:** सार्वजनिक स्थलमा भएका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, वातावरणीय एंव प्राकृतिक प्रकोप न्यूनिकरणका हिसाबले महत्वपूर्ण बर पिपल र चौतारो संरक्षण सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकाले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद – १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "बर पिपल र चौतारो संरक्षण ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन गण्डकी प्रदेश भर लागू हुनेछ ।

२. **परिभाषा**: बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ३०६ बमोजिमको स्थानीय तह सम्झनु पर्छ ।

(ग) "बर पिपल र चौतारो" भन्नाले सार्बजनिक वा निजि वा जुनसुकै जग्गामा प्राकृतिक वा कृतिम तरिकाले रोपेका वा हुर्केका प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक महत्व भएका बर, पिपल, समी, सोमी, लाकुरी, कदम, आँप जस्ता रुख वा चौतारो सम्झनु पर्छ । यो शब्दले बर पिपल र चौतारो संगै भएको कुवा, कुण्ड, पोखरी समेत जनाउँछ ।

(घ) "योजना" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सरकारको प्राथमिकता प्राप्त योजनाको रुपमा स्वीकृत भएको सरकारी योजना वा निश्चित समयपछी सरकारलाई हस्तान्तरण हुने गरि निजि क्षेत्रबाट वा सार्बजनिक निजि साझेदारीमा निर्माण भएको पूर्वाधार सम्बन्धि योजना वा सार्बजनिक उपयोगको बस्तु वा सेवा सम्बन्धि सडक,

खानेपानी, बिद्युत खनिज जस्ता पूर्वाधार सम्बन्धि योजना वा राष्ट्रिय वा प्रादेशिक गौरबका योजनाको रुपमा तोकेका योजना सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिय बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिय बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद – २

## बर पिपल र चौतारोको दर्ता, अभिलेख र बर्गिकरण

**३. सरकारको सम्पत्ति हुने:** (१) सार्वजनिक प्रयोगमा रहेको जुनसुकै स्थानको बर पिपल र चौतारो स्थानीय सरकारको सम्पत्ति हुनेछ ।

(२) सार्वजनिक प्रयोगमा रहेको निजी स्वामित्वको बर, पिपल र चौतारो संरक्षण गर्ने दायित्व स्थानीय तह र स्वामित्वमा रहनेको हुनेछ ।

(३) आफ्नो क्षेत्रभित्रको बर पिपल र चौतारो संरक्षण गर्ने दायित्व स्थानीय तहको हुनेछ ।

**४. बर पिपल र चौतारोको वर्गीकरण:** (१) यस ऐनको प्रयोजनको लागि प्राकृतिक, सभ्यता सांस्कृति,परम्परागत, वातावरणीय महत्वको आधारमा बर पिपल र चौतारोलाई अनुसूची – १ बमोजिम वर्गीकरण गरिनेछ ।

**५. दर्ता गर्नु पर्ने:** (१) स्थानीय तहले यस ऐन बमोजिम आफ्नो क्षेत्रभित्रका बर पिपल र चौतारोको दर्ता किताब बनाई दर्ता गर्नु पर्नेछ ।

(२) दर्ता गर्दा बर पिपल र चौतारोको ऐतिहासिकता,पत्ता लागे सम्म निर्माण गर्ने व्यक्ति वा संस्थाको नाम ठेगाना, बर पिपल र चौतारोको भौगोलिक सूचना प्रणाली अनुसारको अवस्थिति सहितको विवरण अभिलेख राख्नुपर्नेछ ।

(३) बर पिपल र चौतारोसंगै कुण्ड कुवा, पोखरी, माने, मौलो,देउराली,मन्दिर वा कुनै ऐतिहासिक वा पुरातात्विक महत्वको सम्पदा स्थल भए सोको चार किल्ला क्षेत्रफल खुल्ने गरी सो को अभिलेख राख्नु पर्नेछ।

(४) दर्ता किताबको ढांचा र दर्ता सम्बन्धि व्यवस्था अनुसूची – २ मा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद – ३

**बर पिपल र चौतारो संरक्षण सम्बन्धि व्यवस्था**

६. **संरक्षण सम्बन्धी व्यवस्था**: (१) स्थानीय तहले प्राकृतिक तथा ऐतिहासिक महत्वको कुनै बर पिपल चौतारोलाई बिगार्न, मास्न वा हटाउन नपाउने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बर पिपल र चौतारोमा भएको वृक्षको आयु अनुसार बैज्ञानिक हिसाबले व्यवस्थापन गर्नु पर्नेछ ।

(३) स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बर पिपल र चौतारोको अवस्था हेरी हरेक बर्ष परिक्षण गरि काँटछाँट वा मर्मत वा अन्य आबश्यक व्यवस्थापन गर्नु पर्नेछ ।

(४) स्थानीय तहले बर पिपल र चौतारो संगै भएको कुवा, कुण्ड,पोखरीको समेत परम्परागत शैलिमा उचित संरक्षण गर्नु पर्नेछ ।

(५) कुनै पनि व्यक्ति वा संस्थाले आफ्नै खर्चमा सार्वजनिक जग्गामा वर पिपल रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न चाहेमा स्थानीय तहले सोका लागि अनुमति दिन सक्नेछ ।

(६) बर पिपल र चौतारो संगै कुण्ड कुवा, पोखरी, माने, मौलो,देउराली,मन्दिर वा कुनै ऐतिहासिक वा पुरातात्विक महत्वको सम्पदाको संरक्षण सो सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

**(७) बर पिपल चौतारो नपर्ने गरि सम्भाव्यता अध्ययन गर्नु पर्ने :** (१) योजनासंग सम्बन्धित प्रस्तावक वा आयोजनाले योजनाको सम्भाव्यता अध्ययन गर्दा सम्भव भएसम्म बर पिपल चौतारो नपर्ने गरि सम्भाव्यता र विकल्पहरुको अध्ययन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा बर पिपल चौतारो हटाउनु पर्ने भएमा अति आबस्यक र न्युनतम बर पिपल चौतारो हटाउनु पर्ने विकल्पको छनौट गर्नु पर्नेछ ।

**(८) <u>विकल्प नभए मात्र हटाउन सकिने :</u>** (१) यस ऐन बमोजिम अभिलिखित बर पिपल चौतारो काट्नु वा हटाऊनु वा बिगार्नु पूर्व सम्बन्धित स्थानीय तहको प्रमुख वा अध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको अध्ययन तथा सिफारिस समितिको सिफारिसको आधारमा मात्र गर्नु पर्नेछ ।

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष – संयोजक

(ख) डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि – सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष – सदस्य

(घ) सम्बन्धित आयोजनाको प्रमुख – सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत – सदस्य सचिव

(२) अध्ययन तथा सिफारिस समितिले स्थलगत निरीक्षण वा अध्ययन गर्दा प्रस्तावित योजनामा कुनै कुरा परिमार्जन गर्दा बर पिपल चौतारो हटाउन नपर्ने वा कम हटाउन पर्ने देखिएमा सो व्यहोरा खुलाई पुनर्विचारका लागि सम्बन्धित आयोजना/प्रस्तावकलाई लेखि पठाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखि आएमा योजनाको लागत र प्रतिफलका आधारमा सो कुरा उपर विचार गरि आबस्यकता अनुसार योजना परिमार्जन गरि पुन पेश गर्नु पर्नेछ ।

(४) योजना कार्यन्वयन गर्न बर पिपल चौतारो हटाउन स्वीकृति पाएपछी आयोजनाले उक्त बर पिपल चौतारो आफ्नै लागत खर्चमा हटाई, बर पिपलको कटान मुछान र घाटगद्दी गरि सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(५) योजना कार्यन्वयन गर्दा बर पिपल र चौतारो हटाउनु पर्ने भएमा सम्बन्धित संस्था वा आयोजनाले स्थानीय तहले तोकेको स्थानमा बर पिपल चौतारो बनाई पाँच वर्षसम्म स्याहार सम्भार र रेखदेख गरि पाँच वर्षपछी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(६) मुनाफा कमाउने उद्देश्यले कार्यान्वयन हुने योजनाको लागि बर पिपल चौतारो हटाउनु पर्ने भएमा त्यस्तो बर पिपल चौतारोको पाँच गुणाको दरले बर पिपल चौतारो लगाउन वा निर्माण गर्नु पर्नेछ l

(७) स्थानीय तहले सम्बन्धित आयोजनासंग बर पिपल चौतारो हटाऊदा पालना गर्नु पर्ने शर्तहरु समेत उल्लेख गरि सम्झौता गर्नेछ l

(८) उपदफा (७) बमोजिमको सम्झौता सम्बन्धित आयोजनाले अनिबार्य रुपमा पालना गर्नु पर्नेछ l

(९) स्थानीय तहले सम्झौताको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउनेछ l

(१०) बर पिपल चौतारो हटाई नया निर्माण गरेको नगरेको बिषयमा मन्त्रालयले स्थानीय तहसँग समन्वय गरि अनुगमन गर्न र सुधारका लागि आबस्यक सुझाब दिन सक्नेछ l

(११) उपदफा (१०) बमोजिम दिएको सुझाबको पालना गर्नु त्यस्तो आयोजनाको कर्तब्य हुनेछ l

९. **उद्यान निर्माण गर्न सकिने**: (१) स्थानीय तहले वर पिपल र चौतारोको संरक्षण र विकासका लागि सो स्थानमा उद्यान निर्माण गर्न वा उद्यान निर्माण गरी बर, पिपल तथा पोखरी सहितको चौतारोको निर्माण गर्न सक्नेछ ।

(२) स्थानीय तहले उपदफा (१)अनुसारको उद्यान निर्माण गर्नका लागि इच्छुक कुनै व्यक्ति वा संस्थालाई अनुमति दिन सक्नेछ ।

(३) स्थानीय तहले यस दफा बमोजिम स्थापित उद्यानमा सर्वसाधरण सबैले प्रवेश गर्न पाउने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

१०. **बर पिपल र चौतारो संरक्षण समिति**: (१) प्रत्येक स्थानीय तहमा बर पिपल चौतारो संरक्षणको व्यवस्था मिलाउन एक बर पिपल र चौतारो संरक्षण समिति रहनेछ l

(२) समितिको गठन देहाय बमोजिम हुनेछ l

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष – संयोजक

(ख) स्थानीय तहको प्रमुख वा अध्यक्षले तोकेका एक जना महिला सहित दुइ जना वडा अध्यक्ष – सदस्य

(ग) सामुदायिक संघ संस्थाका प्रतिनिधि एक जना महिला सहित दुई जना – सदस्य

(घ) स्थानीय तहको प्रमुख कार्यकारी अधिकृत – सदस्य सचिव

(२) समितिले आफ्नो कार्यविधि आफै तयार गर्नेछ ।

(३) बर पिपल र चौतारो संरक्षण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बर पिपल, चौतारो नास्न, मास्न, काट्न, बिगार्न नदिने

(ख) संरक्षणको उचित व्यवस्था मिलाउने

(ग) बर पिपल बूढो, पुरानो भएर जोखिमपूर्ण भएमा हाँगा काट्ने, मिलाउने वा अन्य व्यवस्था मिलाउने

(घ) बर पिपल र चौतारोको आसपासका क्षेत्रमा नियमित सरसफाईको प्रबन्ध मिलाउने

(ङ) सार्बजनिक स्थलमा बर पिपलको रुख रोप्न वा चौतारो बनाउन प्रबर्द्धनात्मक कार्य गर्ने

(च) मन्त्रालयलाई संरक्षण र व्यवस्थापन सम्बन्धमा राय, सल्लाह, सुझाब दिने

(छ) वर पिपल रोप्ने तथा चौतारो,पोखरी निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तिको नाम शिलालेख तयार गरी उल्लेख गर्न अनुमति दिने ।

(ज) व्यक्ति, सस्था वा आयोजनासंग संरक्षण सम्बन्धमा आवश्यक समन्वय गर्ने

(झ) ट्याग चौतारो वृक्षको ऐतिहासिकता सहितको विवरण उल्लेख गरी वैज्ञानिक नाम सहितको ट्याग बनाई सार्बजनिक गर्ने ।

(ञ) मन्त्रालयले तोकी दिएका अन्य कार्यहरु गर्ने ।

**११. <u>वर पिपल र चौतारो संरक्षण कोष:</u>** (१) वर पिपल, चौतारो तथा पोखरीको संरक्षणको लागि प्रत्येक स्थानीय तहमा एक संरक्षण कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन् :

(क) नेपाल सरकार, प्रदेश सरकार,स्थानीय तहबाट प्राप्त रकम

(ख) स्वदेशी वा विदेशी व्यक्ति वा संघसस्थाबाट प्राप्त रकम

(ग) बर पिपल चौतारो बाट प्राप्त आम्दानी ।

(३) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ:-

(क) वर पिपल रोप्न

(ख) चौतारो निर्माण गर्न

(ग) वर पिपल चौतारोको वरिपरी कुँवा,कुण्ड, पोखरी निर्माण गर्न

(घ) जीर्ण अवस्थामा रहेको चौतारो तथा कुँवा,कुण्ड, पोखरी मर्मत संभार गर्न

(४) कोषको रकम उपदफा (३) मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

**१२. <u>जग्गा स्वीकार गर्न सकिने:</u>** (१) कुनै पनि व्यक्ति वा संस्थाले स्वइच्छाले वर पिपल रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्न आफ्नो हक भोगको जग्गा दान गर्न वा अन्य कुनै किसिमले स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको जग्गा स्थानीय तहले वर पिपल रोप्न वा चौतारो तथा पोखरी निर्माण गर्ने बाहेक अन्य प्रयोजनका लागि उपभोग गर्न पाउने छैन ।

परिच्छेद – ४

**बिबिध**

१३. **<u>दण्ड सजाय</u>**: (१) यस ऐन विपरितको काम कारबाही गर्ने व्यक्ति वा सस्थालाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

१४. **<u>सूचना तथा प्रतिबेदन</u>**: (१) यस ऐन बमोजिम दर्ता गरिएका बर पिपल र चौतारोको अध्यावधिक विवरण आर्थिक बर्ष समाप्त भएको एक महिना भित्रस्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) मन्त्रालयले बेला वखत अधिकृत सहितको टोलि खटाई यस ऐन बमोजिम दर्ता भएका बर पिपल र चौतारोको निरीक्षण तथा संरक्षणको व्यवस्था सम्बन्धमा अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको खटिएको टोलीबाट प्राप्त प्रतिबेदनमा औल्याइएका सुझाबहरु कार्यान्वयन गर्न मन्त्रालयले स्थानीय तहमा प्रतिबेदन पठाउन सक्नेछ ।

१५. **<u>करार सम्बन्धि व्यवस्था</u>**: (१) स्थानीय तहले बर पिपल रोप्न वा चौतारो पोखरी निर्माण गर्न वा बर पिपल चौतारोको संरक्षण गर्न कुनै व्यक्ति वा सस्थासँग करार गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१६. **<u>नियम बनाउने अधिकार</u>**: यो ऐनको उद्‌देश्य कार्यन्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।